# पूर्वीचौकी गाउँपालिका, डोटी

## स्थानीय राजपत्र

भाग १

खण्ड : ७ संख्या : ०२मिति : २०८१/०४/०१

# पूर्वीचौकी गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन,२०८०

CamScanner

# पूर्वीचौकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०८०

प्रमाणीकरण मिति : २०८०/०९/२०

स्थानीय राजपत्रमा प्रकाशित मिति :२०८१/०४/०१

## प्रस्तावना

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधी नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पूर्वीचौकी गाउँपालिकाको सभाले यो ऐन बनाएको हो ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम **पूर्वीचौकी गाउँपालिकाको** प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० रहेको छ ।

(२) यो ऐन पूर्वीचौकी गाउँपालिका क्षेत्र भित्र राजपत्रमा प्रकाशित भएपछि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ऐन"**भन्नाले पूर्वीचौकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले पूर्वीचौकीगाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"**भन्नाले पूर्वीचौकी गाउँपालिका सम्झनु पर्छ ।

(घ) **"सभा"**भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) **"संविधान"**भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियमबनाउने अधिकार** : (१) नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त पूर्वीचौकी गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।



CamScanner

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही पूर्वीचौकीगाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागूगर्न सक्नेछ ।

आज्ञाले

पितानाथ लुईटेल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner